


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक २९ गते सोमबार ❑ 15 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुस्ताङमा हिउ पहिरो, ११ जना घाइते

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ कार्तिक**

हिमाल पारीको जिल्ला मुस्ताङमा सम्भवत अहिलेसम्मकै ठुलो हिउ पहिरो गएको छ । आइतबार करिब ११ः३० बजे थासाङ गाउँपाकिला २ मा पर्ने वोक्सीखोला एवं टुक्चे पिक क्षेत्रबाट परेको हिउँ पहिराको प्रभावले गर्दा ११ जना घाइते भएको प्रहरीले जनाएको छ ।



घाइते भएकाहरुको स्थानिय जिल्ला अस्पताल मुस्ताङमा उपचार भएको थासाङ गाउँपालिकाका उपाध्यक्ष वालकुमारी शेरचनले बताइन । उनका अनुसार हिउपहिराको कारण जनआर्दश अम्मरसिंह माविका केही शिक्षक तथा विद्यार्थीहरु सामान्य घाइते भएका छन भने उनीहरु धुलाम्मे तथा केही हिलाम्मे समेत भएका छन् ।

हिउँपहिरो गएको करिब केही समय पश्चात गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले घटनाको बारेमा सोधपुछ समेत गरेका छन् । हिउँ पहिरो पुनः जानसक्ने भन्दै मन्त्री बरालले स्थानियले सर्तक रहन आग्रह समेत गरे । घाइतेहरुलाई अस्पतालमा समेत पुगेर मन्त्री बरालले शिघ्र स्वास्थ्य लाभको कामना समेत गरे ।

उक्त घटना पश्चात नेपाल प्रहरी, नेपाली सेना घटना स्थल पुगेका थिए । टुक्चे हिमाल क्षेत्रबाट ठुलो मुस्लो सहित आएको हिउँको भागले उक्त क्षेत्रबाट करिब ५ किलोमिटर वरपर समेत धुलो उठेर धुलोको मुस्लो पुग्दा स्थानिय त्रसित भएको एक शिक्षक मनदेवि गौचनले बताइन्। ठुलो आवाज सहित आएको धुवाको मुस्लाको कारण अतालिएर भागदौड गर्दा सामान्य घाइते भएका छन् । हिउपहिराको कारण अनु देसार, अनुसा क्षेत्री, संगम वरुवा, मिलन पुन, अमृता रोकाय मगर, सुजिना केसी, विरेन्द्र लामिछाने, अनुस्कार बिक, स्नेहा किसान, वरिसा बिक, सुसिला थापा सामान्य घाइते भएको प्रहरीले जनाएको छ । हिउ पहिराको कारण कोबाङ क्षेत्रमा हिउको वाहवले गर्दा स्थानिय भागदौडमा गर्दा सामान्य घाइते भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरिक्षक एवं सूचना अधिकारी प्रताप पौडेलले बताए । उक्त पहिरोमा याक र चौरी गाई पर्न सक्ने उनले जनाए ।

## कांग्रेस महाधिवेशन गर्न सभापति देउवाको संयोजकत्वमा मूल समिति

**रासस**
**काठमाडौं, २८ कार्तिक**

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसले आसन्न १४औँ महाधिवेशन आयोजना गर्न पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेको छ ।

कांग्रेस केन्द्रीय समितिको आइतबार बसेको बैठकले महाधिवेशनको तयारीका लागि मूल आयोजक समिति गठन गरेको र समितिमा पार्टीका पदाधिकारी, केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य, सङ्घीय संसद्का सदस्यहरू, पार्टीका सातै प्रदेशका संसदीय दलका नेताहरू सदस्य रहनुहुने पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो ।

कांग्रेसले अन्य विभिन्न विषयगत समिति र उपसमितिसमेत गठन गरेको छ । केन्द्रीय सदस्य एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकी प्रदेशमा राष्ट्रबैंकको अध्ययनः दक्ष कामदार नहुँदा उद्योग पूर्ण क्षमतामा चलेनन्

**रासस**
**काठमाडौं, २८ कार्तिक**

दक्ष कामदारको अभाव, पर्याप्त विद्युत्को उपलब्धता तथा कच्चापदार्थको कमीका कारण गण्डकी प्रदेशका उद्योगधन्दा पूर्णरुपमा सञ्चालनमा आउन नसकेको पाइएको छ ।

नेपाल राष्ट्र बैंकको सो अध्ययनमा अधिकांश उद्योगको उत्पादन क्षमताको आधा पनि गर्न नसकिएको पाइएको छ। पूर्ण क्षमतामा उद्योग सञ्चालन नहुँदा स्वदेशी उत्पादनका लागि उचित बजारलगायत अन्य भौतिक पूर्वाधार समेत उपलब्ध हुन सकेको छैन ।

केन्द्रीय बैंकले औद्योगिक क्षेत्रका समस्या, चुनौती तथा सम्भावनासमेत औँल्याएको छ । उद्योग क्षेत्रमा दक्ष श्रमशक्तिको अभावका कारण लक्ष्यअनुसार प्रगति हुन नसकेको देखिन्छ । अर्ध-दक्ष तथा दक्ष जनशक्ति वैदेशिक रोजगारीमा गएकाले स्वदेशी उद्योगले प्रायःदक्ष श्रमशक्तिको अभाव खेपिरहेको यस अध्ययनमा पाइएको छ ।

राष्ट्र बैंकका निर्देशक ईश्वरीप्रसाद भट्टराईका अनुसार उत्पादित वस्तुको लागत बढी पर्न गएको र गुणस्तरमा समेत कमजोर भएकाले अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भएको अध्ययनले देखाएको छ ।

स्वदेशी उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्ने चुनौती छ । उद्योग स्थापना र नवीकरण गर्दा, तथा दस्तुर आदि बुझाउँदा प्रक्रियागत जटिलता छन् भने समय तथा लागत कम गर्न एकल बिन्दु सेवाको कार्यान्वयन एवं सूचना प्रविधिको उपयोगलाई अधिकतम प्रवर्द्धन गर्नुपर्ने चुनौती पनि उत्तिकै छन् ।

केही वर्षयता जग्गाको उच्च मूल्यवृद्धिका कारण नयाँ स्थापना हुने क्रममा रहेका उद्योगहरुले उपयुक्त स्थानमा जग्गा पाउन सकेका छैनन् । उद्योग स्थापनाको लागतसमेत वृद्धि हुँदा औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित हुन सकेको छैन । पर्याप्त ऊर्जा आपूर्ति एवं भरपर्दो सडक यातायात नहुँदा सोचेजति प्रगति हुन सकेको छैन ।

केन्द्रीय बैंकले पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको अभाव सम्बोधन गर्नुपर्ने चुनौती रहेको पनि सो अध्ययनमा देखिन्छायसकाअतिरिक्तअध्ययनले चुनौती समाधानका लागि केही सम्भावनासमेत देखाएको छ । प्रदेशको दिगो अर्थतन्त्र निर्माण र समृद्धिका लागि औद्योगिकीकरण अपरिहार्य भएकाले समुदायले दैनिकरुपमा खपत गर्ने र पर्यटन क्षेत्रमा खपत हुने मुख्य वस्तु उत्पादन गर्ने कृषि प्रशोधन उद्योग सञ्चालन गर्दा पर्यटन व्यवसाय र स्थानीय उत्पादकसँग सहकार्य गर्नुपर्नेमा जोड दिइएको छ । आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय स्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात तथा आयात प्रतिस्थापन गर्नसक्ने सम्भावनालाई अध्ययनले उजागर गरेको छ ।

सहुलियतपूर्ण ऊर्जा आपूर्तिमार्फत् उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिन्छ । त्यसका लागि नेपाल विद्युत् प्राधिकरणले विद्युत् प्रसारणका सञ्जाल निर्माणलाई तीव्र पारेको पनि छ । वन क्षेत्रको जग्गा प्रयोग, ठेकेदारको लापरवाही तथा स्थानीय एवं प्राविधिक समस्याका कारण तोकिएका समयमा काम नभए पनि विद्युत् क्षेत्रको विकास र प्रवर्द्धनमा योजना केन्द्रित भएको देखिन्छ ।

गण्डकी प्रदेश अन्य प्रदेशको तुलनामा जलस्रोतमा धनी भएकाले विद्युत् उत्पादनको पनि पर्याप्त सम्भावना छ । प्रदेशको विद्युत् उत्पादन गर्ने सम्भावित क्षमता २० हजार ६५० मेगावाट रहेकामा आर्थिकरुपले १२ हजार ९३० मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने अध्ययनले देखाएको छ । यसका लागि सरकारी तथा निजी लगानी विस्तार हुँदै गएको छ ।

कूल २२० केभी क्षमताको दाना कुश्मा प्रसारण लाइन र सवस्टेशन निर्माण सम्पन्न भइसकेको छ । दोर्दी तथा मर्स्याङ्दी करिडोरमा दर्जनौं आयोजना निर्माणका क्रममा छन् । यसबाट पनि आगामी दिनमा यस प्रदेश आर्थिक विकास र समृद्धिमा अन्य प्रदेशभन्दा माथि उक्लिन सक्छ । स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवं गैर सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशमै उत्पादित सामग्रीलाई बढावा दिनसके स्वदेशी उत्पादनको प्रयोग बढ्ने केन्द्रीय बैंकले ठहर गरेको छ । चालू आवको बजेटमार्फत यस प्रदेशअन्तर्गत रहेको गोरखकाली टायर कारखानालाई निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न प्रस्ताव आह्वान गर्ने नीति लिइएको छ ।

उद्योगको जग्गा र भौतिक संरचनालाई सरकारकातर्फबाट हुने लगानीमा गणना गरी निजी क्षेत्रलाई थप लगानीसहित सञ्चालन गर्न प्रोत्साहित गर्न लागिएको छ । प्रदेशमा मुख्य गरी कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योग एवं श्रममा आधारित उद्योग, स्याउ, सुन्तला र कफी भण्डारण, प्रशोधन तथा निकासी गर्ने उद्योग, परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने उद्योग, वनजन्य कच्चा पदार्थ प्रयोग गरी प्रशोधनमा आधारित उद्योगको प्रशस्त सम्भावना रहेको छ । यस्तै ढुङ्गा, गिटी, बालुवालगायतका खनिज तथा उत्खनन्सम्बन्धी उद्योग, फलाम खानी उत्खनन् तथा प्रशोधन उद्योगको प्रशस्त सम्भावना रहेको सो प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा समावेश गरिएको पनि यस प्रतिवेदनमा उल्लेख छ ।

प्रदेश नीति तथा योजना आयोगका अनुसार प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटोलगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको उल्लेख गरिएको छ ।

केन्द्रीय बैंकको अध्ययनअनुसार कास्कीमा सबैभन्दा बढी औद्योगिक कर्जा परिचालन भएको देखिन्छ । सो जिल्लामा ५९.०१ प्रतिशत बराबरको कर्जा लगानी हुँदा मनाङमा ०.०३ प्रतिशत मात्रै भएको छ । तनहुँमा ११.३४, नवलपरासी पूर्वमा ८.१९, लम्जुङमा ३.२८, गोरखामा ३.३८, मुस्ताङमा ०.१८, म्याग्दीमा १.९२, स्याङ्जामा ६.०८, पर्वतमा २.०६ र बाग्लुङमा ४.५३ प्रतिशत औद्योगिक कर्जाको परिचालन भएको छ ।

## छिट्टै कर्मचारी व्यबस्थापन गर्छौं: अर्थ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**मुस्ताङ, २८ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले छिट्टै कर्मचारी व्यबस्थापन गर्ने बताउनु भएको छ ।



अर्थ मन्त्रालयले आइतबार मुस्ताङमा आयोजना गरेको बजेट कार्यान्वय र आर्थिक अनुशासन सम्बन्धि अन्तरक्रिया एवं छलफल कार्यक्रममा वोल्दै मन्त्री बरालले प्रादेशिक कार्यालयमा कर्मचारी अभावले गर्दा धेरै योजना प्रभावित हुन लागेकोले अब छिट्टै कर्मचारी व्यबस्थापन गर्ने बताउनु भएको हो ।

संघ सरकारले प्रदेशमा आवश्यक पर्ने कर्मचारी व्यबस्थापन गर्न नसक्दा र प्रदेशले लोक सेवा आयोग ढिलो ल्याउदा कर्मचारी व्यबस्थापन गर्न कठिन भएको बताउनु भएको छ । विसम परिस्थितीमा बनेको बजेट कार्यान्वयनको विकल्प नभएको उहाँको भनाई थियो । सृजना भएको दाहित्वले गर्दा श्रोत नयाँ श्रोत विना नयाँ योजनालाई बजेट व्यबस्थापन गर्न कठिन हुने मन्त्री बरालको भनाई थियो । उक्त चुनौतीलाई सामना गर्न समन्वय र सहकार्य गर्नु पर्ने उहाँको भनाई थियो । प्राप्त बजेट बढी भन्दा बढी कार्यान्वयन गर्न कर्मचारीहरुलाई निर्देशन दिदै मन्त्री बरालले अघिल्लो बर्षको तुलनामा यस बर्ष करिब ५ अर्ब कम बजेट विनियोजन भएकोले प्राप्त बजेटलाई प्रभावकारी ढंगले कार्यान्वन गर्न आग्रह गर्नु भएको छ ।

जिल्ला समन्वय समिति मुस्ताङका उपप्रमुख राजेन्द्र शेरचनले कर्मचारी अभावले गर्दा विकास निर्माण एवं जनताका धेरै काम प्रभावित भएको बताउनु भयो । अर्थ मन्त्रालयका सचिव बैकुण्ठ प्रसाद अर्यालले बजेट कार्यान्वयनको अबस्था बुझि कठिनायी भएको अबस्थामा सहजीकरण गर्ने उद्धेश्यले बागलुङ, पछि मुस्ताङ जिल्लामा छलफल गरिएको बताउनु भयो ।

आगामी दीनमा बजेट कार्यान्वयनमा कसरी सहजीकरण गर्न सकिन्छ त्यसको समस्या पहिचान सहित समाधान गर्न समेत कार्यक्रमले सहयोग पुग्ने उहाँले बताउनु भयो । कोष लेखा तथा नियन्त्रण कार्यालय मुस्ताङका डालेश्वर अर्यालले प्राकृतिक श्रोत साधनबाट राजश्व संकलन हुन नसकेको गुनासो गर्नु भयो । स्वास्थ्य कार्यालय मुस्ताङका टिकाराम भण्डारीले मुस्ताङमा हाल दुई जना होम आइसुलेसनका कोरोना शंक्रमित भएको बताउनु भयो । मुस्ताङ कोरोनाबाट हालसम्म १५ जनाको मुत्यु भएको उहाँले जनाउनु भयो ।

पूर्वाधार विकास कार्यालय मुस्ताङका प्रमुख विवेक सिग्देलले ६ वटा बहुबषीय योजनाहरु भएको बताउदै यसै बर्ष उक्त योजना सहित अन्य दाहित्व यसै बर्ष सकिदा कार्यालयलाई करिब १४ करोड रुपैया आवश्यक पर्ने भएको दाबी गर्नु भयो । सामाजिक विकास कार्यालय मुस्ताङका प्रमुख रामचन्द्र ढुंगानाले हालसम्म आफु मात्र एक कर्मचारी भएकोले काम गर्न कठिन भएको गुनासो गर्नु भयो । हालै गठन भएको कार्यालयमा एक जना मात्र कर्मचारी हुदा आफुले चाहेर पनि काम गर्न कठिन भएको उहाँको भनाई छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अर्थ मन्त्रालयका शाखा अधिकृत द्धय केशव सुवेदी, डिल्ली सुवेदी लगायतका प्रदेशका विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुले वोलेका थिए ।



# सराङकोटमा पर्यटन साहित्य उत्सव

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

अन्तर्राष्ट्रिय साहित्य समाज केन्द्रीय समिति वासिङटन डिसीको आयोजनामा पोखरामा एक दिने पर्यटन साहित्य उत्सव सम्पन्न भएको छ।

पर्यटकीय स्थल सराङकोटमा आयोजित उत्सवका बीच कृति लोकार्पण, चर्चा परिचर्चा, रचनावाचनलगायतका गतिविधि सञ्चालन गरिएको थियो।

साहित्य र पर्यटन एक अर्काका पर्याय भएकाले अनेसासले यस्ता उत्सव विभिन्न समय र स्थानमा सञ्चालन गर्दै आएकामा यस पटक पोखराको सराङकोटमा आयोजना गरिएको ट्रस्टिज सदस्य ऋषि बरालले प्रकाश पारे। उत्सवको पहिलो सत्रमा अनेसासका बोर्ड अफ ट्रस्टीज सदस्य साहित्यकार तीर्थराज अधिकारीका 'जूनका टुक्राहरू' अङ्ग्रेज ी-नेपाली मुक्तकसङ्ग्रह र अधिकारीकै साधनाको स्वर्ण वर्ष पुगेका सन्दर्भमा प्रकाशन भएको 'साधनाको स्वर्ण वर्ष : मुक्तकमणि तीर्थराज अधिकारी' दुई कृति लोकार्पण गरिए।

प्रमुख अतिथि संस्कृतिकर्मी तीर्थ श्रेष्ठले दुवै कृतिको लोकार्पण गर्दै स्रष्टामा असल भावनाको विकास हुने हो भने प्राप्ति खोजको विषय नहुने धारणा राखे। स्रष्टाको सम्मान जिउँदैमा हुनुपर्छ भन्ने धारणामा जोड दिँदै अतिथि




श्रेष्ठले तीर्थराज अधिकारीको साधनाको वास्तविक सम्मान भएको बताए।अनेसासको पर्यटन साहित्य उत्सवका सन्दर्भमा बोल्दै श्रेष्ठले सरकारले बुझ्न नसकेको वाङ्मयिक सामर्थ्यलाई यस्तै संघसंस्थाका सत्प्रयासले मलजल गरेर जीवन्तता प्रदान गरेकोमा खुसी व्यक्त गरे।

अ न े स ा स क ा केन्द्रीय सल्लाहकार सुमल गुरुङले अनेसासका विविध सम्मान, पुरस्कार, सभा, सम्मेलन, उत्सव र महोत्सवका बारेमा प्रकाश पार्दै अनेसास भाषा, कला र साहित्यको उत्थानका लागि क्रियाशील मात्र नरहेर पर्यटन र साहित्यलाई सिक्काका दुई पाटा बनाएर अगाडि बढ्दै आएको संस्थाका रुपमा चिनाए।

लोकार्पित कृति 'साधनाको स्वर्ण वर्ष : मुक्तकमणि तीर्थराज अधिकारी' माथि समीक्षा गर्दै डा. जगन्नाथ रेग्मीले अधिकारीको जीवनयात्रालाई बुझ्न सन्दर्भ सहायक सामग्री हुने धारणा राखे। अधिकारीले लेखन सुरुआत् गरेको ५० वर्ष सन्दर्भमा प्रकाशन गरिएको केन्द्रीय समितिको प्रकाशन, असफल गौतम र कल्याण पन्तको सम्पादन रहेको ग्रन्थ सबै हिसाबले उत्कृष्ट रहेको उल्लेख गरे।

जूनका टुक्राहरू माथि समीक्षा गर्दै डा. भूमिराज बस्ताकोटीले अङ्ग्रेजी-नेपालीमा लेखिएको कृति व्यङ्ग्यचेत र आलङ्कारिक शैलीले उत्कृष्ट रहेको बताए। भोजराज न्यौपानेको अनुवाद रहेको द्विभाषी कृतिको अनुवादका सन्दर्भमा बोल्दै डा. बस्ताकोटीले अनुवाद साहित्य वर्तमानको आवश्यकता रहे तापनि शब्दानुवादले मात्रै त्यसको मर्म आत्मसात गर्न नसक्ने विचार व्यक्त गरे। उत्सवको दोस्रो सत्रमा गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेल, ठाडो भाका लोककला प्रतिष्ठानका संरक्षक बुद्धिमान गुरुङ 'धम्पु', गीताञ्जली साहित्य परिवारका अध्यक्ष रामनाथ अधिकारी संगी, पोखरेली युवा सांस्कृतिक परिवारका पूर्व अध्यक्ष दीपक समीप, गजल सन्ध्या पोखराका पूर्व अध्यक्ष रुपिन्द्र प्रभावी, मुक्तक मञ्च पोखराका अध्यक्ष रामजीप्रसाद आचार्य, हेमजा साहित्य प्रतिष्ठानका उपाध्यक्ष बलराम पौडेल, जरोटुप्पो संरक्षण साहित्य समाज नेपालका महासचिव मदन भण्डारी, डागर स्मृति प्रतिष्ठानकी संरक्षक रमा पराशर, अनेसास गण्डकी कोषाध्यक्ष गीता तिवारी, पाठ्यक्रममा मुक्तक अभियानका सचिव नवीन भण्डारी, पृथ्वीनारायण क्याम्पसका उपप्राध्यापक सुरज पौडेल, साहित्यकार सावित्री गिरी, सुवास पौडेललगायतले आफ्ना धारणा र रचना प्रस्तुत गरेका थिए। उत्सवको तेस्रो सत्रमा सहभागी स्रष्टालाई सम्मान, कृतिकार, सम्पादक, व्यवस्थापकको मन्तव्य, चम्फा रानाभाट, सीता दुरा, बुद्धिमान दुरा थम्पुको सांस्कृतिक प्रस्तुति रहेको थियो। उक्त सत्रमा कृतिकार तीर्थराज अधिकारीको मन्तव्य वाचन गरेर सुनाइएको थियो। यस्तै साधनाको स्वर्ण वर्ष : मुक्तकमणि तीर्थराज अधिकारीका सम्पादक कल्याण पन्त, कार्यक्रम संयोजक असफल गौतमले बोलेका थिए।

अनेसास गण्डकी अध्यक्ष दुर्गा शाह बाबाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष दुर्गा न्यौपानेको स्वागत रहेको कार्यक्रम अनेसास गण्डकी समितिको फेसबुक पेजबाट लाइभ प्रशारणसमेत गरिएको थियो।

# भगवती विद्यालयलाई साउण्ड सिस्टम र बुककेस सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीभुम्दी, कालाबाङ घरेडी स्थित भगवती आधारभूत विद्यालयलाई लेकसाईड निवासी एक युवाले जन्मदिनको अवसरमा साउण्ड सिस्टम सहयोग गरेका छन्।

कालाबाङ घरेडी जन्म भई हाल बैदाम निवासी समाजसेवी चन्द्रकाजी गुरुङको छोरा बुद्ध गुरुङले शुक्रबार आफ्नो २५ औं वर्ष प्रवेश गरेको अवसरमा विद्यालयलाई साउण्ड सिस्टम सेट हस्तान्तरण गरेका हुन्। साथै उनले विद्यालयको लाइब्रेरीको आवश्यकता देखि एक थान बुककेस पनि प्रदान गर्ने घोषणा गरेका छन्। उनि नेपलिज युथ फोरम (एनवाईएफ) लेकसाईडका संस्थापक अध्यक्ष समेत हुन्।

साथै सोही कार्यक्रममा युथ फोरमका सचिव आदित्य



देवकोटा, कोषाध्यक्ष स्वेता रानाभाट तथा सदस्यहरुले जन्मदिनमा उनलाई प्रदान गर्ने उपहारको रकमले विद्यालयलाई विभिन्न शैक्षिक तथा खेलकुद सामाग्रीहरु प्रदान गरेका थिए।

सो अवसरमा विद्यालयका प्रधानाध्याक डिल कुमारी गुरुङ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाशचन्द्र गुरुङले युवा अवस्थामा समाजसेवामा लाग्ने सोच लिएकोमा उनलाई धन्यवाद व्यक्त गर्दै यस्ता कार्यहरुले अन्य युवाहरुलाई पनि समाजसेवामा लाग्ने उत्प्रेरणा मिल्ने वताए।

उक्त विद्यालयलाई जन्मदिनको अवसरमा यस अगाडि भुपु विद्यार्थी कमल प्रसाद गुरुङका छोरा सुगित गुरुङले विद्यार्थीहरुलाई स्टेशनरी सामाग्री प्रदान गरेका थिए।

कार्यक्रममा विद्यालयका निवर्तमान अध्यक्ष यामबहादुर गुरुङ, अभिभावक संघका पुर्व अध्यक्ष तथा वर्तमान सल्लाहकार खेमराज वराललगाएतले जन्मदिनको शुभकामना व्यक्त गर्दै धन्यवाद दिएका थिए।

# अन्नपूर्ण मिजार समाज, पोखरा-१३ मा सिपमुलक तालिम प्रारम्भ

पोखरापत्र संवाददाता
पोखरा, २८ कार्तिक

पोखरा महानगरपालिका वडा नं १३ स्थित अन्नपूर्ण मिजार समाजले पोखरा महानगरपालिका कार्यालयको आर्थिक सहयोगमा तीन दिने अभिमूखिकरण तथा सिप विकास तालिम हालै सुरु भयो।

अभिमूखिकरण तथा सिप विकास तालिमको उद्घाटन गर्दै अधिवक्ता विनिता नेपालीले समाजको उन्नयनका लागि यस्ता किसिमको कार्यक्रमको अपिरिहार्यतालाई औल्याउदैँ लैङ्गिीक विभेद र महिला अधिकारका सन्दर्भमा प्रशिक्षण दिइन। कार्यक्रममा अरण्यज्योति पुस्तकालयका अध्यक्ष राजेन्द्र भण्डारीले सकारात्मक सोचको



परिवेश र सफलताका लागि मानवीय आचरण र आदतमा परिवर्तन गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा संचारीका समाजका महासचिव कविता श्रेष्ठले महिला हिंसा र महिला अधिकारको सम्बन्धमा प्रशिक्षण दिएकी थिइन। कार्यक्रममा विश्वकर्मा समाजका सचिव रनवहादुर सुनार, परियार समाज, आर्वाका अध्यक्ष राजु परियार, परियार नेपाल राष्ट्रिय दलित जन विकास संस्थाको उपाध्यक्ष मंगल नेपाली लगायतले वोलेका थिए। विनिता नेपाली, कविता श्रेष्ठ तथा राजेन्द्र भण्डारीलाई समाजको तर्फबाट सम्मान समेत गरिएको कार्यक्र अन्नपूर्ण मिजार समाज, पोखरा-१३ का अध्यक्ष चेतबहादुर नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राधा नेपालीले संचालन गरेकी थिइन्। तालिममा ३० भन्दा  ब समाजका ३० भन्दा बढी महिलाहरुको सहभागीता रहेको अध्यक्ष नेपालीले पोखरात्रलाइ वताए।

# आयोजनास्थल पुगेर ठेकेदारलाई ताकेता गर्दैं मन्त्री बराल

पोखरापत्र संवाददाता
गलकोट, २८ कार्तिक

निर्माण व्यवसायी सुनिलसिंह खत्रीको मोबाइलमा अज्ञात व्यक्तिको मोवाइलबाट फोन फोन आयो। सुनिल खत्रीले हेलो भन्न नपाउँदै 'सुनिल जी काठेखोलास्थित बिहुँदेखि तङ्ग्रामहुँदै धम्जा जाने लामाबगर मोटरेवल पुल कहिले बन्छ ?' भन्ने प्रश्न गरियो।

खत्रीको जवाफ आयो-को बोल्नुभयो हजुर ? "म रामजीप्रसाद बराल बोलेको हो तपाईले ठडाउनुभएको पुलको पिल्लरमाथि उभिएर तपाईलाई फोन गरेको छु, भन्नुहोस् ठ्याक्कै कहिले काममा आउनुहुन्छ, मलाई परिणाम चाहिन्छ, काममा ठिला सुस्ती भयो।"

एमएस निलगिरी नेशनल जेभी निर्माण कम्पनीका आधिकारिक प्रतिनिधि खत्रीले मङ्सिरबाट काममा आउछु हजुर भनेर फोन राख्नुभयो। निर्माण व्यवसायी खत्रीलाई गत जेठदेखि ठप्प रहेको काठेखोलाको लामाबगरबाट फोन गर्ने व्यक्ति हुनुहुन्थ्यो गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री बराल। उक्त पुल २०७६ फागुन ६ गते गण्डकी प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले शिलान्यास गर्नुभएको थियो। अठार महिनामा सक्नुपर्ने पुलको जम्मा ५० प्रतिशमात्रै काम सम्पन्न भएको गुनासोपछि मन्त्री बराल आयोजनास्थलमै पुगेर ठेकेदारलाई ताकेता गर्नुभएको हो। "आफैँ फिल्डमा पुगेर ताकेता गर्दा सकरात्मक प्रभाव पर्ला, कार्यालय प्रमुखलाई त ठेकेदारले ल ल मात्रै भन्छन्" उहाँले भन्नुभयो,"ठेकदारले काम नगर्ने परिपाटीलाई अन्त्य गर्न आवश्यक छ, म गण्डकी प्रदेशभरका जिल्लामा स्थलगत निरीक्षणपछि निर्माणलाई गति दिने गरी अगाडि बढ्छु।"

आठ मिटर चौडाइ र ३० मिटर लम्बाइ रहेको उक्त मोटरेवल पुलको २०७७ साल माघ २५ गतेभित्र निर्माण सम्पन्न गर्ने गरी २०७६ साल साउन २५ गते उक्त कम्पनीले निर्माणको जिम्मा लिएको थियो। सिङ्गल स्पान मोडेलमा निर्माण हुन लागेको पुल रु तीन करोड ३१ लाख ६३ हजार ६७९ मा निर्माण गरी संझौता भएको थियो। शिलान्यसका समयमा सम्झौता मितिभन्दा अगावै पुलःनिर्माण गरी सक्ने प्रतिबद्धता जनाएको उक्त कम्पनीले विभिन्न बाहना देखाउँदै निर्माणमा ढिलाइ गर्दै आएको छ। मन्त्री बरालले बागलुङ बसाइँका क्रममा दुई मोटरेवल पुल र दुई सडकको स्थलगत अनुगमनका लागि बागलुङस्थित पूर्वाधार कार्यालयको प्राविधिकसहित आयोजनास्थलमै पुग्नुभएको थियो। उक्त कार्यालयका प्रमुख गणेश सुवेदीले लामाबगर पुल निर्माणका लागि २०७८ चैतसम्म ठेक्का म्याद थपेर निर्माण व्यवसायीलाई काममा फर्कन आग्रह गरिएको बताउनुभयो। उहाँका अनुसार पुलका दुई पिल्लर ठडाएको र अब पुल ढलानका लागि आवश्यक कच्चा सामग्रीसमेत जोहो भइसकेको छ।

मन्त्री बरालले उक्त पुलसहित बागलुङको गलकोट नगरपालिकास्थित नरेठाँटी खोलामा निर्माणधीन मोटरेबल पुल, हरिचौर ताराखोलाहुँदै म्याग्दीको निर्वाचन क्षेत्र नं १ स्थित सडक र रिजालचोकदेखि ताराखोला जोड्ने शहीद मार्ग निरीक्षण गर्नुभएको थियो।

## कांग्रेस...

कार्कीको संयोजकत्वमा अर्थ सङ्कलन समिति, सहमहामन्त्री डा प्रकाशशरण महतको संयोजकत्वमा विदेशी पाहुना सत्कार, प्रवक्ता शर्माको संयोजकत्वमा प्रचारप्रसार, केन्द्रीय सदस्यहरू सुरेन्द्रराज पाण्डेको संयोजकत्वमा भोजन तथा आवास समिति, मोहनबहादुर बस्नेतको संयोजकत्वमा स्वास्थ्य समिति, सीता गुरुङको संयोजकत्वमा सांस्कृतिक, पार्टीका काठमाडौँ जिल्ला सभापतिको संयोजकत्वमा ललितपुर र भक्तपुरका सभापति रहने गरी मञ्च व्यवस्थापन समिति गठन गरिएको उहाँले बताउनुभयो। यसैगरी प्रदेशमा अधिवेशन सम्पन्न गर्नका लागि समन्वय गर्न प्रदेश नं १ मा कृष्णप्रसाद सिटौला, प्रदेश नं २ मा रमेश रिजाल, वाग्मती प्रदेशमा प्रकाशमान सिंह, गण्डकीमा गोपालमान श्रेष्ठ, लुम्बिनी प्रदेशमा बालकृष्ण खाँण, कर्णाली प्रदेशमा जीवनबहादुर शाही र सुदूरपश्चिम प्रदेशमा दिलेन्द्रप्रसाद बडूलाई जिम्मेवारी तोकिएको छ। उक्त समितिहरूमा प्रदेशसभा संसदीय दलका नेता, प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूलगायत रहनुहुने छ।कांग्रेसको प्रदेश अधिवेशन आगामी मङ्सिर १६ र १७ गते तथा केन्द्रीय महाधिवेशन आगामी मङ्सिर २४ देखि २६ गतेम्म गर्ने तय भएको छ।

राष्ट्रिय जनगणना २०७८ मेरो गणना-मेरो सहभागिता

जनगणनामा गणकलाई टिपाईएका विवरण गोप्य हुन्छन् त ? ढुक्क हुनुहोस।
- जनगणनामा तपाइहरुले दिएका व्यक्तिगत विवरण गोप्य रहन्छन।
- सरकारले उठाउने कर वा कानुनी कुरामा प्रयोग हुँदैन।
- यदि कसैले गोपनियता भंग गरेको पाइएमा तथ्याङ्क ऐन, २०१५ बमोजिम कारबाही हुन्छ।
- त्यसैले गणकलाई सही विवरण टिपाऔं।

नागरिक कर्तव्य र दायित्व पुरा गरौं।
गणना गर्ने अवधि: कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

